# कर्णाली प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि , २०७५

।

।।।

।

।।।

।

।।।

।

कर्णाली प्रदेश

भौतिक पूर्वाधार विकास मन्त्रालय

सुर्खेत

# कर्णाली प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५

नेपालको संविधानको धारा ४२ उपधारा (२) मा "आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने छ " भन्ने व्यवस्था भएकोले दलित, विपन्न, मुसलमान तथा सालवसाली रुपमा नेपाल सरकारले बजेट वक्तव्य मार्फत सम्बोधन गरी समेट्ने लोपोन्मुख र अति सीमान्तकृत जाति तथा समुदायका विपन्न वर्गहरुलाई आवासको व्यवस्थाको लागि आर्थिक बर्ष २०६६/ ६७ देखि व्यबस्था भएको बजेट तथा कार्यकमलाई नेपाल सरकारले "जनता आवास कार्यकम कार्यान्वयन कार्यविधि, २०७३" बमोजिम कार्यान्वयन गर्दै आइरहेकोमा आ.व.२०७५/७६ देखि सम्बन्धित प्रदेश सरकारबाट कार्यान्वयन गर्ने गरी बजेट तथा कार्यकममा व्यवस्था भएकाले प्रदेश सरकारबाट समेत बजेट तथा कार्यकमको व्यवस्था गरी बादी, गाईने, राउटे, बोटे, राजी, कुसुण्डा, विपन्न अपाङ्ग, विपन्न दलित, विपन्न मुसलमान तथा सालवसाली रुपमा नेपाल सरकारले बजेट वक्तव्य मार्फत सम्बोधन गरी समेट्ने लोपोन्मुख र अति सीमान्तकृत जाति तथा समुदायका विपन्न वर्गहरुलाई आवासको व्यवस्था गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयले कार्यकम कार्यान्वयन गर्ने गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

(१) **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम कर्णाली प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

(२) **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा : -

(क) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ ।

(ख) "प्रदेश जनता आवास समन्वय समिति" भन्नाले दफा ११ को उपदफा (१) बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(ग) "कार्यकम समन्वय इकाई" भन्नाले दफा १०को उपदफा (१) बमोजिमको कार्यकम समन्वय इकाई सम्झनु पर्छ ।

(घ) "शहरी विकास तथा भवन कार्यालय " भन्नाले प्रदेश अन्तरगतको सम्बन्धित शहरी विकास तथा भवन कार्यालय सम्झनु पर्छ ।

(ङ) "कार्यकम कार्यान्वयन इकाई" भन्नाले दफा १० उपदफा(४) बमोजिमको कार्यकम कार्यान्वयन इकाई सम्झनु पर्छ ।

(च) "जनता आवास" भन्नाले स्वीकृत डिजाईन अनुसारका आवास इकाई सम्झनु पर्छ ।

(छ) "कार्यकम" भन्नाले जनता आवास कार्यकम सम्झनु पर्छ ।

(ज) "आवास इकाई" भन्नाले लाभग्राही घर धनीले पाउने घर सम्झनु पर्छ ।

(झ) "निर्माण समिति" भन्नाले दफा १७ बमोजिमको समिति सम्झनु पर्छ ।

(ञ) "लाभग्राही" भन्नाले दफा ४ बमोजिम छनौट भएको लाभग्राही घर धनी सम्झनु पर्छ ।

(ट) "लक्षित वर्ग" भन्नाले कार्यकम लागू हुने स्थानमा विगत देखि स्थायी रुपमा वसोवास गरेका, नेपालको संबिधान वमोजिम गठीत विभिन्न राष्ट्रिय आयोगको सूचीमा सूचिकृत भएका, बादी, गाईने, राउटे, बोटे, राजी, दलित, विपन्न, मुसलमान तथा सालवसाली रुपमा नेपाल सरकारले वजेट

वक्तव्य मार्फत सम्बोधन गरी समेट्ने लोपोन्मुख र अति सीमान्तकृत जाति वा समुदायका विपन्न बर्गहरु सम्झनु पर्छ ।

(ठ) "प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समिति" भन्नाले दफा १४ वमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

## परिच्छेद २

## लक्षित वर्गको पहिचान र कार्यक्रम कार्यान्वयन स्थल

३. **लक्षित वर्गको पहिचान :** (१) लक्षित वर्गको पहिचान देहायका आधारमा गरिने छ :

(क) विगत देखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण,

(ख) जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धी कागजात वा आफू विगत देखि सो स्थानमा वसोवास गरी आएको भन्ने स्थानीय तहको सिफारिस वा स्थानीय प्रशासनले गरेको सर्जमिन मुचुल्का ।

(ग) बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको कागज,

(घ) लाभग्राही बसोबास गर्दै आएको घरको भौतिक अवस्था,

(ङ) सम्बन्धित स्थानीय तहले लक्षित वर्ग भित्र परेको भनी गरेको सिफारिस वा प्रचलित नेपाल कानूनले सुचीकृत गरेको वर्ग,जाती वा समुदाय । उपरोक्त अनुसारका लक्षित वर्गको पहिचानको लागि व्यवस्था भएको दफा नं.३ को क,ख,ग मध्ये कुनैएक मात्र आधार लिई लक्षित वर्गको पहिचान गर्न सकिने छ ।

४. **लाभग्राहीको छनौटका आधार :** (१) लाभग्राही छनौट गर्ने प्रयोजनका लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल, भुई,गाह्रो तथा छानाको किसिम र प्रयोग भएको जग्गाको क्षेत्रफलको आधारमा अनुसूची - १ बमोजिम अङ्क प्रदान गरिने छ ।

तर अनुसूची-१ को क्रमसंख्या ४,५ र ७ बाट कुनै अङ्क प्राप्त नगर्नेलाई लाभग्राहीका रुपमा छनौट गरिने छैन ।

(२) उपदफा (१) बमोजिम सबै भन्दा बढी अङ्क प्राप्त गर्ने घर धनीले पहिलो प्राथमिकता पाउने छ र त्यस पछि क्रमश न्यूनतम २५ अङ्क सम्म प्राप्त गर्ने घरधनिलाई लाभग्राहीको रुपमा छनौट गरिने छ ।

(३) लाभग्राहीको छनौट प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिले गर्ने छ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि लाभग्राही छनौट गर्दा वृद्ध, एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएका घरधनीलाई पहिलो प्राथमिकता दिइने छ ।

(५) संगोलमा रहेका परिवारले एक आवास मात्र पाउने छन् ।

५. **कार्यक्रम कार्यान्वयन स्थल :** (१) साधारणतया पाँच लाभग्राही परिवार वसोवास भएको स्थान वा बस्तीमा कार्यक्रम कार्यान्वयन गरिने छ । क्रमागत योजना लागू भैरहेको क्षेत्रको हकमा भने दश लाभग्राही परिवार वसोवास गरेको हुनु पर्नेछ ।

तर छरिएर बसोबास गरेका अति सीमान्तकृत तथा लोपोन्मुख जातीको बस्तीको हकमा यो बन्देज लागू हुने छैन ।

(२) कार्यक्रम कार्यान्वयन स्थल पहिचान गर्दा सम्भव भए सम्म लक्षित बर्गको घर यथास्थान मा पुन: निर्माण हुने गरी गरिने छ ।

तर प्राकृतिक प्रकोपको जोखिममा रहेको , वन सीमा क्षेत्रमा परेको वा कुनै कारणबाट विवादित घडेरी भएको स्थानमा कार्यक्रम कार्यान्वयन गरिने छैन ।

## परिच्छेद ३

## रकम तथा निर्माण सामाग्री सम्बन्धी

६. **रकम उपलब्ध गराउने :** (१) शहरी विकास तथा भवन कार्यालय वाट कार्यक्रम कार्यान्वयन इकाईले लाभग्राहीलाई आवास निर्माण गर्न निर्माण समिति मार्फत रकम उपलब्ध गराउने छ । लाभग्राहीलाई उपलब्ध गराइने अनुदान रकम अनुसूची -५ वमोजिम हुने छ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए पनि कुनै स्थानमा निर्माण समिति गठन हुन नसकेमा शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले लाभग्राहीलाई सोझै रकम उपलब्ध गराउने छ ।

(३) निर्माण समिति वा सोझै रकम प्राप्त गर्ने लाभग्राहीले शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईवाट सिफारिस गरेको बैङ्कमा खाता खोल्नु पर्ने छ ।

(४) उपदफा (३) वमोजिम खोलेको खाताको संचालन निर्माण समितिको संयोजक वा सोझै रकम प्राप्त गर्ने लाभग्राहीको र शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले तोकेको कर्मचारी को संयुक्त नामवाट हुने छ ।

(५) शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले संयूक्त खाता संचालनको लागि कर्मचारी तोक्दा आवास इकाई निर्माणको मूल्याङ्कन गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने र विलपास गर्ने कर्मचारीलाई तोक्न पाईने छैन ।

(६) लाभग्राहीलाई रकम उपलब्ध गराउने सम्बन्धमा शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाई र निर्माण समिति बीच अनुसूची-२ बमोजिमको ढांचामा सम्झौता गर्नु पर्ने छ ।

(७) कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा निर्माण समितिले लाभग्राहीसंग अनूसूची-३ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(८) निर्माण समिति गठन नभएको अवस्थामा सोझै रकम प्राप्त गर्ने लाभग्राहीसँग शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले अनुसूची -४ वमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

(९) उपदफा (७) बमोजिम सम्झौता भए पछि निर्माण समितिले निर्माण सामग्री उपलब्ध गराएको भए सो वापतको रकम कटाई बांकी रकम लाभग्राहीलाई उपलब्ध गराउने छ ।

(१०) उपदफा (६) र (८) वमोजिमको सम्झौता भए पछि शहरी विकास तथा भवन कार्यालयले निर्माण सामग्री उपलब्ध गराएको भए सो वापतको रकम कटाई बांकी रकम निर्माण समिति वा सोझै रकम प्राप्त गर्ने लाभाग्राहीको बैंक खाता मार्फत उपलब्ध गराउने छ ।

(११) शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाई र निर्माण समिति वा सोझै रकम प्राप्त गर्ने लाभग्राही बीच भएको सम्झौता बमोजिम शहरी विकास तथा भवन कार्यालयले निर्माण समिति वा सोझै रकम प्राप्त गर्ने लाभग्राहीलाई कार्य प्रगतिका आधारमा विल भरपाई प्राप्त भएको मितिले तीस दिन भित्रमा किस्ता बन्दीमा रकम उपलव्ध गराउने छ।

(१२) सम्झौता तथा खर्च सम्बन्धी सम्पूर्ण फाँटवारी राख्ने तथा लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित शहरी विकास तथा भवन कार्यालयको हुनेछ।

७. **निर्माण सम्पन्न भएको मानिने :**

सम्झौता बमोजिमको शौचालय सहितको आवास इकाई निर्माण भएपछि मात्र आवास निर्माण कार्य सम्पन्न भएको मानिने छ।

८. **लागत सहभागिता योगदान र व्यवस्थापन :**

(१) लाभग्राहीले कुल अनुदानको १०% लागत सहभागिता वापत व्यहोर्नु पर्ने छ।

(२) उपदफा (१) बमोजिमको लागत सहभागिता श्रमदान, नगद वा निर्माण सामग्री जुनसुकै हुन सक्ने छ।

(३) उपदफा (१) मा उल्लिखित लागत सहभागिता वापत लाभग्राहीले कम्तीमा शुलभ शौचालय स्तरको एउटा शौचालय अनिवार्य रुपमा निर्माण गर्नु पर्ने छ।

(४) उपदफा (३) बमोजिमको शौचालय निर्माणका लागि शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईबाट प्राविधिक सहयोग उपलब्ध हुने छ।

९. **निर्माण सामाग्री उपलब्ध गराउने :**

(१) आवास इकाई निर्माणको लागि आवश्यक पर्ने जस्ता पाता, सिमेन्ट, हुक, कब्जा, समेतका निर्माण सामाग्रीहरु निर्माण समितिले र सो समिति गठन नभएकोमा लाभग्राही आफैले खरिद गर्नु पर्ने छ।

(२) उपदफा (१) बमोजिमका निर्माण सामग्रीहरु निर्माण समिति वा लाभग्राहीले खरिद गर्न नसकी शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईमा लिखित अनुरोध गरेमा शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले त्यस्ता सामाग्री उपलव्ध गराउनु पर्नेछ।

(३) लाभग्राहीले भूकम्प प्रतिरोधी प्रविधिको प्रयोग गरी आवास इकाई निर्माण गर्नु पर्नेछ।

(४) निर्माण सामग्री परिवर्तन गर्दा थप रकम आवश्यक पर्ने भएमा सम्बन्धित लाभग्राहीले नै व्यहोर्नु पर्ने छ र कम रकम लाग्ने भए मा सोही अनुसार मूल्याङ्कन गरी भुक्तानी गरिने छ।

१०. **कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुको भूमिका :**

(१) कार्यक्रम कार्यान्वयनको लागि सहयोग पुऱ्याउन प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयमा एक कार्यक्रम समन्वय इकाई रहने छ।

(२) कार्यक्रम समन्वय इकाईको काम देहाय बमोजिम हुने छ :

(क) कार्यक्रम कार्यान्वयन गर्ने तहहरु बीच समन्वय गर्ने,

(ख) आवास इकाईहरुको नक्सा तयार गर्ने तथा आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउने,

(ग) कार्यक्रमको अनुगमन र मूयांकन गर्ने र भावी कार्यक्रमको लागि प्रदेश जनता आवास समन्वय समितिमा सिफारिस गर्ने ।

(३) शहरी विकास तथा भवन कार्यालयले कार्यक्रमको प्रगतिको आधारमा बजेट निकासा दिने र निर्माण कार्यको प्रगति लिई कार्यक्रम समन्वय इकाईमा प्रगति विवरण पठाउनु पर्ने छ ।

(४) शहरी विकास तथा भवन कार्यालयमा आवश्यकता अनुसार कार्यक्रम कार्यान्वयन इकाई रहने छन् ।

(५) कार्यक्रम कार्यान्वयन इकाईको काम कर्तव्यहरु देहाय बमोजिम हुने छ :

(क) कार्यक्रम कार्यान्वयन गरिने स्थलको अध्ययन गरी उपलब्ध जग्गा अनुसार आवास इकाई निर्माण कार्य कार्यान्वयन गराउने,

(ख) आवास इकाई निर्माणका लागि प्राविधिक सहयोग उपलब्ध गराउने ,

(ग) निर्माणाधिन आवास इकाईहरुको अनुगमन, मूल्याङ्कन गर्ने ,

(घ) सम्बन्धित स्थानीय तहहरु संग समन्वय गर्ने,

(ङ) कार्यक्रमको अध्यावधिक कार्यको नापी किताव राखी सोका आधारमा भुक्तानीका लागि शहरी विकास तथा भवन कार्यालयमा सिफारिस गर्ने,

(च) कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी शहरी विकास तथा भवन कार्यालयमा पेश गर्ने,

(छ) कार्यक्रम सम्बन्धी जानकारी गराई लक्षित वर्गलाई परिचालन गर्ने ।

## परिच्छेद ४

## समिति सम्बन्धी व्यबस्था

**११. प्रदेश जनता आवास समन्वय समिति :**

(१) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक व्यवस्था गर्न तथा कार्यक्रमको समन्वय र व्यवस्थापन गर्नका लागि प्रदेश स्तरमा देहाय बमोजिमको एक प्रदेश जनता आवास समन्वय समिति रहने छ :

(क) मन्त्री , भौतिक पूर्वाधार विकास मन्त्रालय - संयोजक

(ख) सदस्य, प्रदेश योजना आयोग - सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - सदस्य

(घ) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय - सदस्य

(ङ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(च) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(छ) सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य

(ज) सचिव, उद्योग,पर्यटन वन तथा वातावरण मन्त्रालय - सदस्य

(झ) सचिव , भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(ञ) महाशाखा प्रमुख, भौतिक पूर्वाधार विकास मन्त्रालय - सदस्य सचिव

(२) प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयमा राज्यमन्त्री तथा सहायक मन्त्री रहेमा निजहरु प्रदेश जनता आवास समन्वय समितिको सदस्यको रुपमा रहनेछन् ।

(३) प्रदेश जनता आवास समन्वय समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय तथा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

१२. **प्रदेश जनता आवास समन्वय समितिको काम , कर्तव्य र अधिकार :**

प्रदेश जनता आवास समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुने छ :

(क) कार्यक्रम कार्यान्वयन सम्बन्धि आवश्यक नीति, बजेट तर्जुमा तथा सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रमा कार्यान्वयन गरिने आवास संख्या निर्धारण गर्ने ,

(ख) कार्यक्रम कार्यान्वयनको क्रममा शहरी विकास तथा भवन कार्यालय प्रदेश निर्वाचन क्षेत्र प्रदेश जनता आवास समन्वय समितिलाई आवश्यक निर्देशन दिने ,

(ग) प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिवाट कार्यक्रम कार्यान्वयन गर्ने गाउँ पालिका वा नगर पालिकाहरुको सूचि सम्बन्धि जानकारी लिने ,

(घ) कार्यक्रमको प्रगति समिक्षा गर्ने ,

(ङ ) कार्यक्रम कार्यान्वयनसंग सम्बन्धित निकायहरु विच समन्वय गर्ने ,

(च ) वृद्ध, एकल महिला, अनाथ बालबालिका र अपांगता भएका लाभग्राहीले व्यहोर्नु पर्ने लागत सहभागिता रकम प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिको सिफारिस समेतका आधारमा छुट दिने ,

(छ) कार्यक्रम लागू भएको स्थानमा आवश्यक पर्ने पूर्वाधार विकासको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ,

(ज) आवश्यकता अनुसार अनुगमन उपसमिति गठन गरी कार्यक्रमको अनुगमन गर्ने, गराउने ।

(झ) कार्यक्रम कार्यान्वयनको क्रममा आइपरेका बाधा अड्चन फुकाउने,

१३. **बैठक सम्बन्धि कार्यविधि :**

(१) प्रदेश जनता आवास समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

(२) प्रदेश जनता आवास समन्वय समितिको बैठक आवश्यक विज्ञ वा सम्बन्धित संस्थालाई आमन्त्रण गर्न सक्नेछ ।

(३) बैठकमा सहभागी हुनेको बैठक भत्ता प्रचलित कानूनले तोके बमोजिम उपलब्ध हुने छ ।

१४. **प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समिति :**

(१) कार्यक्रम कार्यान्वयनमा सहयोग पुयाउन प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रमा देहाय बमोजिम एक प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समिति रहने छ :

(क) प्रदेश सभाको सम्बन्धित निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य - संयोजक

(ख) सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रमा मतदान नामावलीमा नाम भएका समानुपातिक प्रदेश सभा सदस्यहरु - सदस्य

(ग) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

(घ) जिल्ला समन्वय समितिको जिल्ला समन्वय अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

(ङ) सम्बन्धित क्षेत्रको न.पा./ गा.पा.को प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(च) सम्बन्धित शहरी विकास तथा भवन कार्यालयका प्रमुख वा कार्यक्रम कार्यान्वयन कार्यालयको अधिकृत स्तरको प्राविधिक प्रतिनिधि - सदस्य सचिव

(२) समितिको संयोजकको अनुपस्थितीमा उपस्थित प्रदेश सभा सदस्यहरु मध्ये जेष्ठ प्रदेश सभा सदस्यले संयोजक भई कार्य गर्ने छ ।

(३) जिल्लामा कुनै प्रदेश सभा सदस्य नरहेको वा नभएको अवस्थामा प्रमुख जिल्ला अधिकारीले समितिको संयोजकको रुपमा कार्य गर्ने छ ।

१५. **प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिको काम, कर्तव्य र अधिकार :-** प्रदेश निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिको काम , कर्तव्य र अधिकार देहाय वमोजिम हुने छ :

(क) सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रको तत्काल कायम रहेका सबै गाउँपालिका वा नगरपालिकाका लक्षित वर्ग समेटी गाउपालिका वा नगरपालिका छनौट गरी छनौट भएका गाउपालिका वा नगरपालिकाको सूचि प्रदेश जनताआवास समन्वय समितिमा पठाईने ,

(ख) कार्यक्रम लागू हुने गाउँपालिका वा नगरपालिका बाट दफा (४) को आधारमा लाभग्राहीको छनौट गरिने ,

(ग) कार्यक्रम कार्यान्वयन गर्ने शहरी विकास तथा भवन कार्यालय , निर्माण समिति र लाभग्राहीलाई आवश्यक सहयोग तथा निर्देशन दिने ।

(घ) कार्यक्रमको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्ने साथै देखापरेका समस्या समाधान गर्ने,

(ङ) वृद्ध, एकल महिला, अनाथ बालबालिका र अपांगता भएका लाभगग्रहीले व्यहोर्नु पर्ने लागत सहभागिता छुटका लागि निर्माण समिति वा लाभग्राहीबाट मनासिव कारण तथा प्रमाण सहित अनुरोध भई आएमा प्रदेश जनता आवास समन्वय समिति समक्ष सो रकम छुटका लागि सिफारिस गर्ने ,

(च) प्रदेश जनता आवास समन्वय समितिबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने / गराउने ।

१६. **बैठक संचालन सम्बन्धी कार्यविधि :**

(१) प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिको बैठक सम्बन्धि कार्यविधि सो समितिले निर्धारण गरे बमोजिम हुने छ ।

(२) प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिले आवश्यकता अनुसार बैठकमा अन्य विज्ञ तथा सम्बन्धित संस्थालाई आमन्त्रण गर्न सक्ने छ ।

(२) बैठक सम्बन्धि भत्ता प्रचलित नेपाल कानूनले तोके वमोजिम हुने छ ।

प्रदेश सरकार
भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

१७. **निर्माण समिति :**

(१) न्यूनतम पाँच लाभग्राही परिवार भएको प्रत्येक बस्तीमा देहाय बमोजिमको निर्माण समिति रहने छ :

(क) सम्बन्धित शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाई कार्यालयको रोहवरमा लाभग्राहीहरु मध्येबाट छनौट भएको व्यक्ति - संयोजक

(ख) सम्बन्धित शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाई कार्यालयको रोहवरमा लाभग्राहीहरु मध्येबाट छनौट भएका कम्तीमा एकजना महिला सहित बढीमा तीन जना - सदस्य

(ग) सम्बन्धित शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईबाट खटाईएको प्राविधिक कर्मचारी - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम संयोजक र सदस्य छनौट हुन नसकेमा प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिले संयोजक र सदस्य छनौट गर्ने छ ।

१८. **निर्माण समितिको दर्ता :** दफा १७ बमोजिम गठन भएको निर्माण समिति सम्बन्धित स्थानीय तहमा दर्ता हुनु पर्ने छ । दर्ता र सो सँग सम्बन्धित अन्य आवश्यक कागजात वा निस्सा दफा ११ र दफा १४ वमोजिमको समितिमा पेश गर्नु पर्ने छ ।

१९. **निर्माण समितिको काम, कर्तव्य र अधिकार :-** निर्माण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ

(क) प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समिति र शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईबाट प्राप्त निर्देशन अनुरुप निर्माण कार्य गर्ने / गराउने ,

(ख) आवास निर्माणका लागि आवश्यक निर्माण सामग्री प्राप्त गर्ने/ गराउने ,

(ग) पूर्वाधार र आवास निर्माण गर्ने विषयमा लाभग्राहीसँग सहमति कायम गर्ने,

(घ) लाभग्राहीलाई रकम उपलब्ध गराउने,

(ङ) निर्माण कार्यको गुणस्तर कायम गर्ने / गराउने,

(च) लाभग्राहीले व्यहोर्ने लागत सहभागिता बापत दफा ८ को उपदफा (३) बमोजिमको कार्य गराउने ,

(छ) शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईको प्रत्यक्ष निर्देशनमा निर्माण कार्य व्यवस्थित ढंगले संचालन गर्ने ,

(ज) शहरी विकास तथा भवन कार्यालयबाट स्वीकृत नापनक्सा बमोजिम आवास इकाई निर्माण गर्ने / गराउने ,

(झ) स्वीकृत नापनक्सा बमोजिम आवास इकाई निर्माण भए नभएको बारे जाँच गरी प्रत्येक किस्ता भुक्तानीको लागि सिफारिस गर्ने ।

## परिच्छेद ५

## तालिम सम्बन्धी व्यवस्था

२०. **तालिमको व्यवस्था :**

(१) शहरी विकास तथा भवन कार्यालयले प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रमा भूकम्प प्रतिरोधी आवास निर्माण प्रविधि सम्बन्धी तालिमको व्यवस्था गर्नु पर्ने छ ।

(२) शहरी विकास तथा भवन कार्यालयले आवास इकाई निर्माणमा संलग्न हुने जनशक्तिलाई कार्यगत तालिमको व्यवस्था गर्ने छ ।

(३) आवास इकाई निर्माण तालिममा लाभग्राहीहरुलाई प्राथमिकता दिइने छ ।

(४) शहरी विकास तथा भवन कार्यालयले लाभग्राहीलाइ कार्यक्रम सम्बन्धमा सूसूचित गर्न अभिमूखिकरण तालिम संचालन गर्न सक्ने छ ।

## परिच्छेद ६

## विविध

२१. **निर्देशन पालना गर्नु पर्ने** : प्रदेश जनता आवास समन्वय समितिले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सम्बन्धित निकायले पालना गर्नु पर्ने छ ।

२२. **विवादको समाधान** : कार्यक्रम कार्यान्वयन गराउने निकाय र निर्माण समिति वा लाभग्राहीहरु बीच कुनै विवाद उत्पन्न भएमा प्रदेश जनता आवास समन्वय समितिवाट दिइने निर्णय अन्तिम हुने छ ।

२३. **फरफारक हुने** : कुनै लाभग्राहीले विशेष कारणवश निर्माण कार्य सम्पन्न गर्न नसकेमा निर्माण भएको कार्यको मूल्याङ्कन गरी सोको खर्च प्रदेशब जनता आवास समन्वय समितिको निर्णय बमोजिम फफारक गर्न सकिने छ ।

२४. **वेच बिखन गर्न नपाउने** : लाभग्राहीले आवास इकाई निर्माण सम्पन्न भएको मितिले दश बर्ष सम्म वेचविखन गर्न पाउने छैन ।

२५. **कारबाही हुने** : आवास कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुठ विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुने छ ।

२६. **पूर्वाधार** : कार्यक्रम कार्यान्वयन हुने स्थानका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरु जस्तै सडक, खानेपानी, ढल, खुल्ला क्षेत्र आदिको निर्माण कार्य समेत आवश्यकता अनुसार गर्न सकिने छ ।

२७. **अन्य निकायले सहयोग गर्ने** : प्रदेश सरकारको पूर्वाधार तथा अन्य सेवासँग सम्बन्धित निकायहरुले कार्यक्रम कार्यान्वयन भएका क्षेत्रमा सेवा तथा पूर्वाधार विस्तार तथा विकासका लागि आवश्यक सहयोग पुयाउनु पर्ने छ ।

२८. **सुविधा नपाउने** : नेपाल सरकारवाट भूकम्प पूनर्निर्माण, प्रकोप व्यवस्थापन वा जोखिम बस्ती स्थानन्तरण जस्ता कार्यक्महरुवाट लाभान्वित लाभग्राहीहरुलाई यस कार्यविधि वमोजिम अनुदान उपलब्ध गराईने छैन ।

२९. **फेरबदल गर्न सक्ने** : लाभग्राहीले स्वीकृत नमुना आवास डिजाइनमा केही फेरबदल गरी निर्माण गर्न सक्ने छ । तर कम क्षेत्रफलको आवाावस इकाई निर्माण गरेको भएमा सोही अनुपातमा खर्च घटाई अनुदान रकम उपलब्ध गराईने छ ।

३०. **गैरसरकारी संस्थाको सहयोग लिन सक्ने** :कार्यक्रम कार्यान्वयनको लागि गैर सरकारी संस्थाबाट आवश्यक प्राविधिक सहयोग लिन सकिने छ ।

३१. विगत देखि आ.व.२०७४/०७५ सम्म नेपाल सरकारबाट जनता आवास कार्यक्रम अन्तर्गत संचालन भई क्रमगत वा अधुरा रहेका आवास इकाईहरु सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरे पछि मात्र प्रदेश जनता आवास समन्वय समितिले थप नयाँ आवास इकाईहरुको लागि कार्यक्रम निर्माण तथा बजेट विनियोजन गर्नु पर्ने छ ।

३२. **प्रचलित कानून वमोजिम हुने :** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि वमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुने छ ।

३३. **मापदण्ड वा निर्देशिका बनाउन सक्ने :** यस कार्यविधिको प्रतिकुल नहुनेगरी प्रदेश जनता आवास कार्यकमलाई सहज रुपमा सम्पन्न गर्न मन्त्रालयले आवश्यक माापदण्ड वा निर्देशिका बनाई जारी गर्न सक्ने छ ।

३४. **बचाउ :** "जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि , २०७३" वमोजिम भए गरेका कार्यहरु यसै कार्यविधि वमोजिम भए गरेको मानिने छ ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूची - १

दफा ४ को उपदफा (१) संग सम्बन्धित

लाभग्राहीहरुको छनौटका आधारहरु

| क्र.सं. | बिबरण | दिइने अङ्क | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रति व्यक्ति वर्गफिटमा | ३० भन्दा कमलाई -१०<br>३० देखि ६० सम्म -५<br>६० भन्दा बढी -० | |
| २ | हाल उपभोगमा रहेको जग्गाको क्षेत्रफल, प्रति व्यक्ति वर्गफिटमा | ६० भन्दा कम -१०<br>६० देखि १०० सम्म -५<br>१०० भन्दा बढी -० | |
| ३ | घर भित्रको भुई | माटो -१०<br>ईटा, ढुंगा आदि -५<br>सिमेन्ट -० | जम्मा फ्लोर एरियाको ५०% वा सो भन्दा बढि क्षेत्रफल भएकालाई अङ्क दिने । |
| ४ | घरको गारो | बांस,चिरपट / कप्टेरो, आदि वा त्यसमा पराल । स्याउलाको टाटी -१०<br>नमिलेको ढुङ्गाको गारो,बांस, कप्टेरो, भकारी आदि मा माटो ले पोतेको तथा काठ/ फल्याक, कांचो ईट्टामा माटोको जोर्नी -५<br>नमिलेको ढुङ्गाको गारो तथा पाकेका ईटामा माटो । सिमेन्टका जोर्नी -० | ५०% प्रतिशत सम्ममा जे छ त्यसैलाई मान्ने । |
| ५ | घरको छानो | फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट आदि -१०<br>कपडा, टायल, टिन -५<br>ढलान , कर्कट पाता -० | आसवेटस छाना स्वास्थ्यको लागि हानिकारक छ । |
| ६ | घर बस्तीमा साधारणतया १० घर रहेको वा नरहेको | भएको -१०<br>नभएको -० | तर अति सीमान्तकृत तथा लोपोन्मुख जातीको घर जति संख्यामा भए पनि -१० |
| ७ | जग्गाको स्वामित्व | लालपूर्जा भएको वा गाउँब्लक (स्वामित्व पाउन सकिने) वा स्थानीय तहको सिफारिस ( स्वबासी र विवाद रहित ) -१०<br>नदी । ताल किनारामा बसोबास गरेको -० | |
| ८ | खेती योग्य जग्गा | अन्यत्र जग्गा नभएको -१०<br>अन्यत्र जग्गा भएको -० | |
| ९ | घरमूलीको हकमा | अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ बालबालिका, एकल महिला जस्ता घरमुली लाभग्राही भएका -१०<br>अन्य : -० | |

अनुसूची -२

दफा ६ को उपदफा (६) संग सम्बन्धित

**कर्णाली प्रदेश**

भौतिक पूर्वाधार विकास मन्त्रालय

शहरी विकास तथा भवन कार्यालय

**कर्णाली जनता आवास कार्यक्रम**

शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वनय इकाई तथा निर्माण समिति बीच गरिने सम्झौताको ढाँचा

१. **सम्झौता गर्ने पक्षहरु :** शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाई र श्री .................. निर्माण समिति

२. **कार्यक्रम :** कार्यक्रम अन्तर्गत आवास इकाई निर्माण गर्ने ।

३. **कार्यक्रम स्थल :** जिल्ला : .......................... गाउँपालिका / नगरपालिका ............................ वडा नं.......

४. **टोल । गाउँ** ...................................

५. **निर्माण गरिने कूल आवास इकाई**

६. **कार्यक्रमको लागत :** (क) कार्यक्रमले व्यहोर्ने रकम ....................

(ख) लाभग्राहीले व्यहोर्ने रकम ....................

७. **कार्यक्रमको प्रस्तावित कार्यान्वयन अवधि :**

(क) शुरु हुने मिति :- २०....../ ...../.......

(ख) सम्पन्न हुने मिति :- २०....../ ...../.......

८. **खर्च व्यहोर्ने श्रोत :**

(क) कार्यक्रमबाट व्यहोरिने :

(१) नगद रुपैयाँ :............

(२) निर्माण सामाग्री :

(ख) लाभग्राहीबाट व्यहोर्ने रकम :

(१) नगद रु......

(२) निर्माण सामाग्री : (मूल्यमा)............

(३) श्रम (मूल्यमा)............

(४) कुल रकम : ..............

सचिव

९. **निर्माण समितिको** नाम / ठेगाना : ......................

१०. **निर्माण समितिको** दर्ता नं. / कार्यालय : ......................

११. **निर्माण समितिका पदाधिकारीहरु :**

| | | |
|---|---|---|
| (क) | श्री .... | - संयोजक |
| (ख) | श्री .... | - सदस्य |
| (ग) | श्री .... | - सदस्य |
| (घ) | श्री .... | - सदस्य |
| (ङ) | श्री .... | - सदस्य सचिव |

१२. **सम्झौताका शर्तहरु :**

(क) नाप नक्सा तथा स्वीकृत लागत अनुमान र तोकिएको गुणस्तर अनुसार निर्माण समितिले निर्माण कार्य गराउने छ ।

(ख) निर्माण समितिले लागत सहभागिता वापत लाभग्राहीले व्यहोर्ने रकमवाट कम्तीमा सुलभ शौचालय स्तरको एउटा शौचालय लाभग्राहीलाई निर्माण गर्न लगाउने छ ।

(ग) निर्माण समितिले शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईबाट प्राप्त रकम कार्य प्रगतिको आधारमा लाभग्राहीलाई भुक्तानी दिने प्रयोजनमा मात्र खर्च गर्नु पर्ने छ ।

(घ) निर्माण समितिले हरेक किस्ताको कामको मूल्यांकन, विल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजातहरु समितिको बैठकबाट अनुमोदन गराई कार्यक्रम कार्यान्वयन इकाई मार्फत शहरी विकास तथा भवन कार्यालयमा भुक्तानीको लागि पेश गर्नु पर्ने छ ।

(ङ) निर्माण समितिले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गरी शहरी विकास तथा भवन कार्यालयमा समेत पेश गर्नु पर्ने छ ।

१३. **भुक्तानीको ढाँचा :**

(क) निर्माण समितिको नाममा रहेको खातामा चार किस्तामा रकम उपलब्ध गराइने छ । आवास निर्माण सम्पन्न नभए सम्म खाता संचालन निर्माण समितिको संयोजक वा सोझै रकम प्राप्त गर्ने लाभग्राही र सम्वन्धित शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(ख) स्वीकृत डिजाइन र लागत अनुमान निर्माण-स्थलको आवश्यकता अनुसार परिमार्जन गरिए बमोजिम जग खन्ने कार्य सम्पन्न भएपछि सम्बन्धितको खातामा २५% रकम उपलब्ध गराईने छ ।

(ग) प्लीन्थ (डि.पि.सि.)को काम सम्पन्न भएपछि सम्बन्धितको खातामा थप ३०% रकम उपलब्ध गराईनेछ

(घ) गारो तयार भएपछि ३५% सम्वन्धितको खातामा रकम उपलब्ध गराईने छ ।

(ङ) छाना तथा झ्याल ढोका र शौचालयको निर्माण कार्य सम्पन्न भएपछि बांकी १०% सम्वन्धितको खातामा रकम उपलब्ध गराईने छ ।

(च) भुक्तानी दिंदा उपलब्ध गराईएका निर्माण सामाग्रीको रकम कट्टा गरी बाँकी रकम मात्र दिईनेछ ।

१३. सम्झौताका पक्षहरु :

| | |
|---|---|
| निर्माण समितिको तर्फबाट : | शहरीविकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईका तर्फवाट : |
| संयोजक वा लाभग्राहीको | कार्यक्रम प्रतिनिधीको |
| नाम : | नाम : |
| ठेगाना : | ठेगाना : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| साक्षी : | साक्षी : |
| (१) श्री ........... | (१) श्री ........... |

अनुसूची -३

दफा ६ को उपदफा (७) संग सम्बन्धित

**निर्माण समिति र लाभग्राहीबीच गरिने सम्झौताको ढाँचा**

१. सम्झौता गर्ने पक्षहरुः.......................... निर्माण समिति र ...................... लाभग्राही

२. कायक्रम स्थल : जिल्ला .................... गाउपालिका । नगरपालिका : ..................... वडानं.:..

३. उदेश्य : आवास निर्माण ।

४. कुल लागत : .................... (लाभग्राहीको सहभागिता बापतको अंश समेत )

५. प्रस्तावित निर्माण कार्य सम्पन्न हुने अवधि :

(क) शुरु हुने मिति :- २०....../ ...../.......

(ख) पुरा हुने मिति :- २०....../ ...../....... सम्म ।

६. **खर्च व्यहोर्ने श्रोत :**

(क) निर्माण समितिले शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईसँग गरेको निर्माण समिति र लाभग्राहीबिच गरिने सम्झौता बमोजिम हुनेछ ।

७. **सम्झौताका शर्तहरु :**

(क) स्वीकृत नाप नक्शा अनुसारको आवास निर्माण गर्नु पर्नेछ ।

(ख) लागत सहभागिता वापत कम्तीमा सुलभ शौचालय स्तरको एउटा शौचालय निर्माण गर्नु पर्नेछ ।

(ग) निर्माणस्थल क्षेत्रमा रहेका संरचनाहरु भत्काउने र सो वापत लाग्ने खर्च लाभग्राहीले व्यहोर्नु पर्नेछ ।

८. **सम्झौताका पक्षहरु :**

| | |
|---|---|
| निर्माण समितिको तर्फबाट | लाभग्राहीको तर्फबाट |
| संयोजक : | लाभग्राहीको नाम : |
| ठेगाना : | ठेगाना : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| साक्षी : | साक्षी : |
| श्री शहरी विकास तथा भवन कायार्यलको | श्री ...................... |
| प्रतिनिधि | |
| श्री ............................ | |

अनुसूची -४

दफा ६ को उपदफा (८) संग सम्बन्धित

**शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाई तथा सोझै रकम प्राप्त गर्ने लाभग्राहीबीच गरिने सम्झौताको ढांचा**

१. सम्झौता गर्ने पक्षहरु:.......................... र .......................

२. कार्यक्रम स्थल : जिल्ला .................... गाउँपालिका । नगरपालिका : ..................... वडा नं.:..

३. उद्देश्य : आवास निर्माण ।

४. कुल लागत : ................... (लाभग्राहीको सहभागिता बापतको अंश समेत )

५. प्रस्तावित निर्माण कार्य सम्पन्न हुने अवधि :

(क) शुरु हुने मिति :- २०....../ ...../.......

(ख) पुरा हुने मिति :- २०....../ ...../....... सम्म ।

६. **खर्च व्यहोर्ने श्रोत :**

(क) कार्यक्रमबाट व्यहोरिने :

(१) नगद रुपैयाँ :............

(२) निर्माण सामाग्री :

(ख) लाभग्राहीबाट व्यहोरीने रकम :

(१) नगद रु......

(२) निर्माण सामाग्री : (मूल्यमा)............

(३) श्रम (मूल्यमा)............

(४) कुल रकम : ...............

७. **भुक्तानीको ढाँचा :**

(क) लाभग्राहीलाई आवास निर्माण रकम जम्मा चार किस्तामा उपलब्ध गराइने छ । आवास निर्माण सम्पन्न नभएसम्म सम्बन्धित शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले तोकेको कर्मचारीले निर्माण कार्यको रेखदेख तथा निर्माण कार्यको प्रगति प्रमाणित गर्नेछ ।

(ख) स्वीकृत डिजाईन, लागत ईष्टिमेटमा निर्माण स्थलको आवश्यकता अनुसार परिमार्जन गरिए बमोजिम जग खन्ने कार्य सम्पन्न भए पछि २५% रकम उपलब्ध गराइनेछ ।

(ग) प्लीन्थ (डि.पि.सि.) को काम सम्पन्न भए पछि थप ३०% रकम उपलब्ध गराईने छ ।

(घ) गारो तयार भएपछि थप ३५% रकम उपलब्ध गराईने छ ।

(ङ) छाना तथा ढोका र शौचालय निर्माणको कार्य सम्पन्न भएपछि वांकी १०% रकम लाभग्राहीको खातामा उपलब्ध गराईने छ ।

(च) भुक्तानी दिंदा उपलब्ध गराईएका निर्माण सामाग्रीको रकम कट्टा गरी वांकी रकम मात्र दिइने छ ।

८. **सम्झौताका शर्तहरु :**

(क) स्वीकृत नाम नक्शा अनुसारको आवास निर्माण गर्नु पर्नेछ ।

(ख) लागत सहभागिता वापत कम्तीमा सुलभ शौचालय स्तरको एउटा शौचालय निर्माण गर्नु पर्नेछ ।

(ग) निर्माणस्थल क्षेत्रमा रहेका संरचनाहरु भत्काउने र सो वापत लाग्ने खर्च लाभग्राहीले व्यहोर्नु पर्नेछ ।

९. **सम्झौताका पक्षहरु :**

| शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईको तर्फबाट | लाभग्राहीको तर्फबाट |
|---|---|
| कार्यक्रम प्रतिनिधि : | लाभग्राहीको नाम : |
| ठेगाना : | ठेगाना : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| साक्षी : | साक्षी : |
| श्री ...................... | श्री .......................... |

## अनुसूची -५

### दफा ६ को उपदफा १ संग सम्बन्धित

### कर्णाली जनता आवास निर्माण कार्यको लागि उपलव्ध गराउने अनुदान रकम

१. मिति २०७४ । ०४। २२ भन्दा अघि सम्झौता भएका क्रमागत रहेका आवास निर्माणको लागि तपसिलमा उल्लेख भए अनुसारको अनुदान रकम उपलव्ध गराउने ।

| क.सं. | क्षेत्र / विवरण | प्रति आवास इकाई निर्माणको लागि उपलव्ध हुने अनुदान रकम (कन्टेन्जेन्सी समेत) | कैफियत |
|---|---|---|---|
| १ | तराई क्षेत्र | २,२६,००० | |
| २ | भित्री मधेश एवं पहाडी क्षेत्र | २,२४,००० | |
| ३ | हिमाली एवं दुर्गम क्षेत्र | २,६७,००० | |

२. मिति २०७४/ ०४/ २२ भन्दा पछि सम्झौता भई आवास निर्माण कार्य भइरहेको र बाँकी सम्झौता हुन बांकी रहेको आवास निर्माणको लागि तराई, पहाड र हिमाली क्षेत्रका सबै जिल्लाहरुको निमित्त - रु.३ लाख ५० हजार उपलव्ध गराउने ।

(क) मोटर बाटोले नछोएको, हवाई जहाजबाट निर्माण सामग्री ढुवानी गर्नु पर्ने दुर्गम हिमाली जिल्ला हुम्ला र डोल्पाको हकमा चार लाख (कन्टिजेन्सी सहित) अनुदान रकम उपलब्ध गराइने छ ।

तर "जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३" अनुसार सम्झौता भएका क्रमागत कार्यक्रमहरुको हकमा सम्झौता अनुसारको अनुदान रकम उपलव्ध गराईने छ ।